मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-०७७/७८

## मकै बीउ आपूर्ति गर्ने सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७/०९/२३**

मन्थली नगरपालिकाको आ.व. ०७७/७८ को सशर्त तर्फको बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम अन्तर्गत उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रम अनुसार ५०% अनुदानमा मकैको उन्नत बीउ वितरण गर्नको लागि तपसिल बमोजिमको बीउ आवश्यक भएको हुँदा सम्बन्धित सेवा प्रदायक संस्थाहरुले आफुले उपलब्ध गराउन सक्ने बीउको गुणस्तर, प्रति किलोग्राम मूल्य, जात र परिमाण उल्लेख गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन मिति २०७७/१०/०८ गतेभित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित सील बन्दी खाममा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | बाली | बीउको स्तर | जात | इकाई | परिमाण |
|---|---|---|---|---|---|
| १ | मकै | उन्नत | रामपुर कम्पोजिट | मेट्रिक टन | ४ |
| २ | मकै | उन्नत | अरुण-६ | मेट्रिक टन | १ |
| ३ | मकै | उन्नत | मनकामना-३ | मेट्रिक टन | २ |
| ४ | मकै | उन्नत | रेसुङ्गा कम्पोजिट | मेट्रिक टन | २ |
| जम्मा | | | | | ९ |

**आवश्यक कागजातहरु:**

१. बीउ बिक्री इजाजत पत्र प्रतिलिपि ।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. मन्थली नगरपालिकामा क्षेत्र भित्र रहेका संस्थाको हकमा सूचिकृत/अद्यावधिक गरेको प्रमाण पत्रको प्रतिलिपि ।
४. स्थाई लेखा नम्बरको प्रतिलिपि ।
५. कर चुक्ता सम्बन्धी कागजात ।
६. नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि ।
७. माथि उल्लेखित कागजातको साथमा वितरण गरिने बीउको बोरामा आपूर्तिकर्ताले आफ्नै खर्चमा अनिवार्य रुपमा प्रष्टसँग देखिने गरी देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछ ।

| |
|---|
| ५० प्रतिशत अनुदानमा उपलब्ध गराईएको उन्नत बीउ<br>बाली : मकै<br>जात : ..................<br>नगरपालिका : मन्थली नगरपालिका<br>मिति : २०७७/............./......... |

पुनश्चः आपूर्तिकर्ताले बीउ विजन ऐन २०४५, बीउ विजन नियमावली २०६९ र बीउ विजन प्रमाणीकरण निर्देशिका २०७४ लगायत बीउ विजन गुणस्तर नियन्त्रणसँग सम्बन्धित अन्य कानूनी तथा नीतिगत व्यवस्थाहरुको अधिनमा रही बीउको गुणस्तर कायम गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत